# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सेर्ना, ओखलढुंगा

पत्र संख्या: २०८०/०८१ कोशी प्रदेश, नेपाल

---

**वार्षिक परीक्षा सञ्चालन सम्बन्धी सूचना**
**प्रकाशित मिति: २०८०/११/१४**

**प्रकाशित मिति: ११४४ सिल्लागा द्वितीया**

चिशंखुगढी गाउँपालिका परीक्षा सञ्चालन तथा समन्वय समितिको मिति २०८०/११/१४ गते बसेको बैठकको निर्णयानुसार यस गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्र २०८० को गाउँपालिका स्तरीय आधारभूत शिक्षा परीक्षा (कक्षा-८) र अन्य कक्षाहरुको वार्षिक परीक्षा मिति २०८०/१२/१२ गते सोमबारका दिनबाट शुरु गर्ने निर्णय भएको हुँदा कक्षा-५ र आधारभूत शिक्षा परीक्षा (कक्षा-८) को हकमा तपसिल वमोजिमको परीक्षा सम्बन्धी कार्यतालिका प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबै विद्यालयहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | कक्षा | विषय | परीक्षा सञ्चालन हुने मिति | कैफियत |
|---|---|---|---|---|
| १ | ५ र ८ | अङ्ग्रेजी | २०८०/१२/१२ | **समय** दिनको १२:०० बजे देखि परीक्षा शुरु हुनेछ। |
| २ | | नेपाली | २०८०/१२/१३ | |
| ३ | | गणित | २०८०/१२/१४ | |
| ४ | | विज्ञान तथा प्रविधि | २०८०/१२/१५ | |
| ५ | | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | २०८०/१२/१६ | |
| ६ | | स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला | २०८०/१२/१८ | |
| ७ | | स्थानीय विषय | २०८०/१२/१९ | |

**पुनश्चः**

१. आधारभूत शिक्षा परीक्षा (कक्षा-८) लगायत अन्य कक्षाहरुको परीक्षा केन्द्र सम्बन्धित विद्यालयमा कायम गरिएको र सोही विद्यालयको प्रधानाध्यापकले केन्द्राध्यक्ष भई परीक्षा मर्यादित र शान्त वातावरणमा सञ्चालन गर्ने व्यवस्था गरिएको छ।

२. अन्य कक्षाहरुको परीक्षा सम्बन्धी कार्यतालिका सम्बन्धित विद्यालयले प्रकाशन गरी सोही मितिबाट परीक्षा सञ्चालन गर्नुपर्नेछ।

३. कक्षा-५ र कक्षा-८ को आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क विवरण र विद्यार्थीहरुको यथार्थ विवरण सम्बन्धित विद्यालयहरुले मिति २०८०/१२/०२ गते सम्म अनलाइन वेशमा आधारित शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

४. कक्षा-५ र कक्षा-८ को प्रश्नपत्र निर्माण सम्बन्धी कार्यशाला मिति २०८०/११/१८ गते गाउँपालिकाको कार्यालयमा सञ्चालन गरिनेछ।

५. कक्षा-५ र कक्षा-८ को प्रश्न पत्र र परीक्षा सम्बन्धी अन्य सामाग्री मिति २०८०/१२/०९ गते भित्र शिक्षा, युवा तथा खेलकुद शाखाबाट सम्बन्धित केन्द्राध्यक्षले बुझिलिनु पर्नेछ।

६. कक्षा-५ र कक्षा-८ को सैद्धान्तिक तर्फको उत्तरपुस्तिका सम्बन्धित विद्यालयहरुका केन्द्राध्यक्षहरुले मिति २०८०/१२/२० गते सम्म शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गरी सक्नु पर्नेछ।

**लेखनाथ धमला**
**शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख**

**सिताराम राई**
**प्रमुख प्रशासकीय अधिकृत**